माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७७ ज्येष्ठ ०२ गते शुक्रवार वसेको २४ औ वैठकमा देहाय वमोजिम निर्णय गरियो।

१. मुलुकभर कोभिड-१९ को संक्रमण एक महामारीको रुपमा रहेको र सो को रोकथाम नियन्त्रण तथा उपचारको लागि यही २०७७ ज्येष्ठ ५ गतेसम्म वन्दावन्दीको अवस्था जारी रहेकोले उक्त अवधि पश्चात वन्दावन्दीको के कस्तो तौरतरीका (Modality) अपनाई अघि वढ्ने भन्ने विषयमा चिकित्सा तथा स्वास्थ्य क्षेत्रका विज्ञ, विशेषज्ञहरुसंग आवश्यक छलफल गरी राय सुझाव प्राप्त गरियो।

२. जापानमा स्थायी वसोवास गर्ने नेपाली मूलका नागरिकहरु तथा सोहि देशमा वर्क परमिट प्राप्त गरेका एवम् अध्ययनका लागि गएका नेपाली नागरिकहरु काम विशेषले नेपालमा आएका र यस अवधिमा कोरोना भाईरस संक्रमणको कारणले देश वन्दावन्दी (Lockdown)को अवस्थामा रहेको हुँदा जहाज चार्टर गरी आफ्नै खर्चमा त्यसतर्फ फिर्ता हुन परराष्ट्र मन्त्रालय मार्फत अनुरोध भई आएकोमा प्रचलित कानूनको प्रावधान पूरा गरी फिर्ता भई जान दिईएको स्वीकृतिको अनुमोदन गर्ने।

३. हङ्कङ्ग स्थायी वसोवास गर्ने नेपाली मूलका नागरिकहरु तथा सोहि देशमा वर्क परमिट प्राप्त गरेका नेपाली नागरिकहरु काम विशेषले नेपालमा आएका र यस अवधिमा कोरोना भाईरस संक्रमणको कारणले देश वन्दावन्दी(Lockdown)को अवस्थामा रहेको हुँदा जहाज चार्टर् गरि आफनै खर्चमा त्यसतर्फ फिर्ता हुन परराष्ट्र मन्त्रालय मार्फत अनुरोध भई आएकोमा प्रचलित कानूनको प्रावधान पूरा गरी फिर्ता भई जान स्वीकृति दिने।

४. प्रदेश नं २ का सम्पूर्ण एम्वुलेन्सहरुलाई प्रदेश नं १ मा प्रवेश गर्न रोक लगाइएको कारणवाट विरामी ओसार पसार गर्न कठिनाइ भएको एवम् प्रदेश नं १ का अस्पतालहरुले विरामीलाई उपचारको लागि भर्ना नलिएको विषय उपर छलफल गरी सम्वन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आपसी सहयोग र समन्वय वढाइ कोभिड-१९ को महामारी विरुद्ध एकजुट भई कार्य गर्ने।

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री